माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (कृषि विकास शाखा)
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
Email info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/११/०५)

यस माण्डवी गाउँपालिकाको चालु आ.ब. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम "कृषि समूहलाई यान्त्रिकीकरण वितरण कार्यक्रम" सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक समूह/टोल विकास संस्थाहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७९/११/२५) भित्र आफुलाई आवश्यक पर्ने कृषि यन्त्र उपकरणहरुको माग सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

**अनुदानका सर्तहरुः**

- कृषक समूह/ टोल विकास संस्थाहरुले माण्डवी गाउँपालिका कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७५ को अनुसूची-१ अनुसारको कृषि यन्त्र उपकरणहरुको मात्र माग गर्नुपर्ने छ।
- अन्य सर्तहरु कार्यविधिमा तोके बमोजिम हुनेछ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. अनुसूची-२ बमोजिमको निवेदन ।
२. अनुसूची-३ अनुसारको अनुदान लिने उपकरणको विस्तृत विवरण ।
३. सम्बन्धित निकायमा कृषि समूह/टोल विकास संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४. प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णय प्रतिलिपी।
५. समूह/संस्थाको PAN प्रमाण पत्रको प्रतिलिपी र गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. समूह/टोल विकास संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियार पत्र ।
७. अधिकार प्राप्त पदाधिकारीको नागरीकता प्रमाणपत्रको प्रतिलिपी ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९. समूह/टोल विकास संस्थाका सदस्यहरुको जग्गा धनीको पुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
१०. यदि समूह/टोल विकास संस्थाको कुनै सदस्यले एकल रुपमा सामग्री लिन चाहेमा समूह/संस्थाको निर्णय सहितको सिफारिस पत्र ।
११. नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका कृषि विकास शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहुन । (९८५७८३६००६, ९८६७९५३६६२)

बलराम पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

## अनुसूचि-१
## अनुदानमा वितरित गरिने कृषि औजार उपकरणहरुको सुची

| क स | कृषि मेशिन औजार उपकरणको नाम | Specification/ (HP)क्षमता आदि | अनुदान रकम प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| १ | रिपर मेशिन धान काटने | | ५० | |
| | मल्टक्रप थेस्रर | | ५० | |
| २ | धान तथा गहू चुट्ने थ्रेसर | | ५० | |
| ३ | पावर स्प्रेयर | | ५० | |
| ४ | मिनिटिलर | ६- ९ एच पि सम्म एटेचमेन्टहरु सहित तथा सेट सहित | ५० | कम्तिमा २ रोपनी जग्गा हुनु पर्ने । |
| ५ | रोटाभेटर | | ५० | |
| ६ | कल्टिभेटर | | ५० | |
| ७ | डिस्क हैरो | | ५० | |
| ८ | लेभलर | | ५० | |
| ९ | सिड ड्रिल | | ५० | |
| १० | राईस ट्रान्सप्लान्टर सिडलिङ्ग र कम्बाइन मिल, चाफकटर | | ५० | |
| ११ | कर्न सेलर विद्युतिय | | ५० | |
| १२ | एरिअटर | | ८० | |
| १३ | पेलेट मेशिन | | ५० | |
| १४ | डिजल्भ अक्सिजन मिटर | | ८० | |
| १५ | सुधारीएको हलो | स्थानिय | ८० | |
| १६ | मिल्किङ्ग मेशिन | | ५० | |
| १७ | ह्यालिङ्ग ईक्कुभेटर | सानो साईज | ५० | |
| १८ | हाते पंखा | ओसाउने पंखा | ५० | |
| १९ | डिजिटल तराजु | १०० के.जी सम्म तौल गर्न सक्ने | ५० | |
| २० | फुट स्प्रेयर र स्प्रेयर | ९ लि.देखि १६ लि. सम्म | ५० | |

०८३/११/०५

नि.प्रमुख प्रशासकिय अधिकृत